# ज्योति विकास बैंक लिमिटेड

## कमलादी, काठमाण्डौं

## बैंकको प्रथम वार्षिक साधारण सभा सम्बन्धी सूचना

आदरणीय शेयरधनी महानुभावहरु,

मिति २०६५।१२।१८ गते तदनुसार ३१ मार्च २००९ मा बसेको बैंकको सञ्चालक समितिको १६ औं बैठकको निर्णय अनुसार बैंकको प्रथम वार्षिक साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न लिखित विषयहरु उपर छलफल गर्नको लागि बस्ने भएको हुंदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण संस्थापक शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रेषित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय**

मितिः २०६६ साल बैशाख २१ गते सोमवार (तदनुसार ४ मई २००९)

स्थानः नेपाल प्रज्ञा प्रतिष्ठान भवन, कमलादी, काठमाण्डौं ।

समयः विहानको ठिक १० :३० वजे ।

**छलफलका बिषयहरुः**

**(क) सामान्य प्रस्ताव**

(१) सञ्चालक समितिको आ.व.२०६४/०६५ को वार्षिक प्रतिवेदन पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०६५ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त संचालन पूर्व आ.व. २०६४/०६५ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण स्वीकृत गर्ने ।

(३) आर्थिक बर्ष २०६५/०६६ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (आ.व.०६४/०६५ का लेखा परिक्षक टि. पनेरु एण्ड कं. का चार्टर्ड एकाउन्टेन्ट टंक प्रसाद पनेरु पूनः नियुक्त हुन योग्य हुनु हुन्छ)

४) संस्थापक शेयरधनीको तर्फबाट निर्वाचित हुने संचालक संख्या- ६ जना निर्वाचित गर्ने ।

५) संचालक समितिको बैठक भत्ता, पारिश्रमिक तथा सुविधा अनुमोदन गर्ने ।

६) विविध ।

**(ख) विशेष प्रस्तावः**

(१) बैंकको जारी पूँजी तथा चुक्ता पुंजी वृद्धि गर्ने ।

(२) शेयर पूँजीमा १:१ को अनुपातमा हकप्रद शेयर जारी गर्ने ।

(२) बैंकको प्रवन्ध पत्र, नियमावली (संलग्न विवरण अनुसार) मा आवश्यक परिमार्जन/ संशोधन गर्ने ।

पूनश्चः संचालक निर्वाचन सम्बन्धि कार्यक्रम साधारण सभाको ७ दिन अघिदेखि प्रकाशित हुने हुँदा बैंकको केन्द्रीय कार्यालय कमलादी, काठमाण्डौंमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

आज्ञाले

कम्पनी सचिव